घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको १७औं बैठकको निर्णयहरु

मिति २०८०।३।४

**निर्णय नं. १ :-**

मिति २०८०।२।३१ गते बसेको कार्यपालिकाको १६औं बैठकमा भएको निर्णयहरुको समीक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :-**

यस गाउँपालिकाको गाउँसभाको मिति २०८०।३।६ गते देखि सन्चालन हुने १२औं अधिवेशनमा अध्यक्षज्यूबाट पेश हुने आगामी आ.ब. २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम लाई गाउँसभाको अधिवेशनमा पेश गर्नका लागि स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

स्थानीय राजश्व परामर्श समितिबाट पेश भएको आगामी आ.ब. २०८०।८१ को कर तथा सेवा शुल्कका दरहरु स्वीकृतिका लागि गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

यस गाउँपालिकाको आगामी आ.ब. २०८०।८१ को आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० स्वीकृतिको लागि गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-**

यस गाउँ कार्यपालिका र गाउँ कार्यपालिकाको कार्यालयबाट चालु आ.ब. २०७९।८० को श्रावण महिना देखि हाल सम्म सम्पादन भएका कार्य तथा निर्णयहरु अन्तर्गत आर्थिक दायित्व सिर्जना भएका र गाउँसभाको अधिवेशनबाट अनुमोदन गर्नु पर्ने भन्ने उल्लेख भएका विषयहरु सम्बन्धी निर्णयहरु अनुमोदनका लागि गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-**

गत बर्ष तयार भएको यस गाउँपालिकाको संगठन व्यवस्थापन (O&M) सर्वेक्षण प्रतिवेदन, २०७८ को तालिका ८(६) मा रहेको योजना तथा पूर्वाधार विकास शाखाको कामको प्रकृति र कार्यबोझलाई मध्येनजर गर्दै योजना तथा अनुगमन शाखा र पूर्वाधार विकास शाखा गरी छुट्टा छुट्टै शाखा राख्ने सम्बन्धमा गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश नेपाल

**निर्णय नं. ७ :-**

कार्यालयको संगठन व्यवस्थापन (O&M) सर्वेक्षण प्रतिवेदन, २०७८ मा अधिकृत स्तर [illegible] स्तर छैटौं वा छैटौं/सातौं वा छैटौं/सातौं/आठौं तह उल्लेख भएकोमा अधिकृत स्तर सातौं आठौं तह कायम गर्ने सम्बन्धी निर्णयका लागि गाउँसभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ :-**

शिक्षा तथा खेलकुद शाखाको चालु आ.ब. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पेश भएको उत्कृष्ट प्र.अ. पुरस्कृत गर्ने सम्बन्धमा तपसिल बमोजिमका प्र.अ.हरुलाई नगद पुरस्कार सहित प्रमाण-पत्र सहित पुरस्कृत गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | पुरस्कृत हुने प्र.अ.को नाम, थर | पुरस्कृत रकम | विद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री दुर्गा दत्त ढकाल | रु.१०,०००।- | जनवाल मा.वि. मार्फा | माध्यमिक शैक्षिक सत्र २०७९ |
| २ | श्री राजेन्द्र गुरुङ | रु.१०,०००।- | ढुम्बा आधारभुत विद्यालय | आधारभुत तह शैक्षिक सत्र २०७९ |

**निर्णय नं. ९ :-**

यस गाउँपालिकाको चालु आ.ब. २०७९।८० को स्वीकृत कार्यक्रमको ठेक्का पारी समयमा काम सम्पन्न नगर्ने तपसिल बमोजिमका ठेकेदार कम्पनीहरुलाई २ (दुई) बर्षको लागि गाउँपालिकाबाट आव्हान हुने कुनै पनि ठेक्का/बोलपत्रमा सहभागी हुन नपाउने व्यवस्था गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | ठेकेदार कम्पनीको नाम र ठेगाना | कैफियत |
|---|---|---|
| १ | सानु कन्सट्रक्सन, काठमाण्डौ | |

**निर्णय नं. १० :-**

यस गाउँपालिकामा निर्माणाधिन जोमसोम-ठिनी-ढुम्बा-चिमाङ-मार्फा-स्याङ सडकको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययनको सहमतिका लागि आवश्यक परेको सडकको दाँया बाँया पट्टीको जग्गा मध्ये अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको जग्गाहरुको स्वामित्वको एकिन विवरण उक्त कार्यालय सँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :-**

चालु आ.ब. मा ५ लाख सम्मको उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाहरुको सम्पन्न गर्ने म्याद २०७९ मंसिर १५ गते सम्म तोकिएकोमा सो मिति भित्र विविध कारणवश सम्पन्न हुन नसकेका योजनाहरुको सम्पन्न गर्नु पर्ने म्याद २०८० असार १५ गते सम्म थप गर्ने निर्णय गरियो ।



घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

निर्णय नं. १२ :-

यस गाउँ कार्यपालिकाको कार्यालयमा २ जना गाँउपालिका प्रहरीको दरबन्दी स्वीकृत गर्ने र गाउँ प्रहरी परिचालन सम्बन्धी कार्यविधि तयार गर्नु पर्ने भएको हुँदा उक्त प्रस्ताव स्वीकृतिको लागि गाउँसभाको १२ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ :-

चालु आ.ब. को स्वीकृत रैथाने खाद्यान्नमा आधारित दिवा खाजा कार्यक्रमको लागि स्वीकृत रकम रु.७९७८५।- स्थानीय रैथाने खाद्यान्न प्रयोग गरी बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम सञ्चालन गर्नका लागि तपसिलको विद्यालयलाई निम्नानुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री जनवाल मा.वि, मार्फा | रु.४७१६०।- | |
| २ | श्री जनकल्याण आ.वि. स्याङ | रु.३२६२५।- | |